कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र सङ्ख्या: २०८३।०८४
चलानी नम्बर:

# प्रेस विज्ञप्ति

मिति: २०८३/०५/१८

विषय: बाढी प्रभावितहरूको लागि सहयोगार्थ राहत रकम सम्बन्धमा।

संवत २०८३ साल भाद्र १० गते बुधवार रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भिषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र गोरखा लगायतका तटीय क्षेत्रहरूमा भएको ठुलो जनधनको क्षतीप्रति कर्णाली प्रदेश सरकार स्तब्ध एवम मर्माहत भएको छ। यस अकल्पनीय विपत्तीमा परी जीवन गुमाउनु हुने सम्पूर्ण दिवङ्गतहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं। साथै, विपद्बाट प्रभावित सम्पूर्ण नागरिकहरुप्रति सहानुभुति प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

यस विषम परिस्थितिमा राहत तथा पुनर्स्थापना कार्यमा ऐक्यबद्धता जनाउँदै बाढी प्रभावितहरूको सहयोगार्थ कर्णाली प्रदेश सरकारको तर्फबाट एकमुष्ट रकम दुई करोड रुपैयाँ 'प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोष' मा जम्मा गर्ने मिति २०८३ भाद्र १६ गते प्रदेश सरकारबाट निर्णय भएको छ।

यसका साथै कर्णाली प्रदेश सरकार अन्तर्गत विभिन्न निकायहरुमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको तर्फबाट तह बिहिन वा सो सरहका (कार्यालय सहयोगी, वनरक्षक, हलुका सवारी चालक) कर्मचारीबाट मासिक सुरु तलबस्केलको २ दिनको, सहायकस्तर वा सो सरहका (चौथो र पाचौं) कर्मचारीबाट मासिक सुरु तलबस्केलको ३ दिनको, अधिकृतस्तर वा सो सरहका (छैटौं, सातौं, आठौं, नवौं र दशौं) कर्मचारीबाट मासिक सुरु तलबस्केलको ५ दिनको, राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका (प्रदेश सचिव) र विशिष्ट श्रेणी वा सो सरहका (प्रमुख सचिव) कर्मचारीबाट मासिक सुरु तलबस्केलको ७ दिन बराबरको तलब/पारिश्रमिक रकम २०८३ भाद्र महिनाको मासिक तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा सम्बन्धित कार्यालयले नै जम्मा गर्ने निर्णय भई सोही बमोजिमको व्यवस्था मिलाइएको छ। यसबाट कर्णाली प्रदेश सरकारका कर्मचारीबाट उद्धार कोषमा करिव एक करोड पच्चिस लाख रुपैंया योगदान हुने देखिन्छ।

यस्तो रकम आवश्यक प्रक्रिया पुरा गरी 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा यथाशीघ्र जम्मा गरिने बेहोरा सबैको जानकारीका लागि अनुरोध छ।

२०८३।०५।१८
(चेतन कुमार तिमिल्सेना)
प्रवक्ता

moeap@karnali.gov.np, moeap6@gmail.com ०८३-५२१३७१ moeap.karnali.gov.np